यसरी जीउ धनको रक्षा र दण्डहीनताको अन्त्यकालागि विधिको शासन र समृद्ध नेपालकालागि आर्थिक स्वतन्त्रता र बन्द आतंकको अन्त्य भई नयाँ सम्विधानका आधारभूत मान्यताका रुपमा स्थापना गर्नकालागि यो अभियान अघि सारिएको हो ।

यो अभियान चरणबद्ध रुपमा अघि बढ्ने छ जसको पहिलो चरणमा जनसमुदायको **गरि खान पाउने नेपालको** आवाजलाई संगठित बनाइ संचारका माध्यमबाट सबै समक्ष प्रस्तुत गरिनेछ । यसैगरि दोस्रो चरणमा विभिन्न कार्यक्रमको आयोजना गरि नीति नियम बनाउने तहसम्म यो सन्देश पुर्याइनेछ र तेस्रो चरणमा सभासदहरुलाइ यी आवाजहरु सम्विधानमा समेट्नकालागि दबाब सृजना गरिनेछ ।

## तपाईको संलग्नता ?

यो अभियानलाई सफल पार्नकालागि तपाईको संलग्नता अत्यावश्यक छ । यसकालागि तपाईले निम्नासुरका कियाकलाप गर्न सक्नुहुने छ :

१. तपाईले यस अभियानको वेबसाइट (www.livablenepal.org) मा गएर यस अभियानको प्रतिबद्धता पत्रमा आफनो सहमति जनाउन सक्नु हुन्छ र वेबसाइटमा रहेका विभिन्न खण्ड अन्तर्गत आफ्ना विचार र अभिव्यक्ति पोख्न सक्नु हुन्छ ।

२. यस अभियानको टि सर्ट जस्ता सामाग्री लगाएर यस्को सन्देस सबै समक्ष पुर्याउन सक्नु हुन्छ ।

३. बन्द हड्तालका बेलामा आयोजना गरिने यस अभियानका विरोध कार्यक्रममा सहभागिता जनाउन सक्नु हुन्छ ।

४. यस अभियानलाई अघि बढाउन चाहिने केही आर्थिक सहयोग गर्न सक्नु हुन्छ ।

समस्या हाम्रै समाजमा छ भने यसको समाधान पनि हाम्रै समाज भित्रबाट निकाल्न सकिन्छ । यसका लागि तपाईको सक्रीय सहभागिता चाहिन्छ । आखिरमा मारमा पर्ने आम नेपाली जनता न हुन्, त्यसैले के हामी अब पनि केही नगरी बस्ने ? आउनुहोस समृद्ध र गरि खान पाइने नेपालकालागि आजैबाट हातेमालो शुरु गरौं । हामी तयार छौं : अब हाम्रो पालो !

---


सर्म्पक :

**सबैले गरि खान पाउने नेपालका लागी राष्ट्रिय गठबन्धन**
फोन : ०१ ६९११०१५ ईमेल : info@livablenepal.org वेबसाइट : www.livablenepal.org





सबैले गरि खान पाउने नेपाल : एक राष्ट्रिय अभियान
National Campaign for a 'Livable Nepal'

## के ?

एक दशक भन्दा लामो युद्ध र क्रान्तिले पनि नेपालीका समस्यालाई निकास नदिएको अवस्थामा, आम नेपाली जनता समग्र देशको परिस्थितिबाट आज्जित भएका छन् । आम नेपालीको समृद्ध नेपालको चाहना एक असम्भव सपना जस्तै भएको छ । दिनानुदिन बढ्दै गएको बन्द हड्ताल, असुरक्षा, अपहरण र अराजकताका घटनाक्रमले नेपाललाई अग्रगमनको सट्टा सैयौं वर्ष पछि धकेलिरहेको छ । राजनीतिक निकास खोज्दै गरेका असंख्य प्रयासको फलस्वरुप हामी नेपालीले अझ अन्योलको वातावरण, खस्किदो अर्थतन्त्र र असुरक्षा पायौं । यसैले आम नेपाली जनता उठेर फेरि एक पल्ट हाम्रा अग्रपंक्तिका नेतालाई झकझक्याउने बेला आएको छ । यसैले यो अभियान : **गरि खान पाउने नेपाल**का लागि सबैको पहल हो ।

यो अभियानले परिकल्पना गरेको नेपाल भनेको **सबैले गरि खान पाउने अवस्था रहेको नेपाल हो ।**

यस अभियानको मुख्य उद्देश्य :
**सबै तह तप्काबाट गरि खान पाउने नेपालकालागि उठेका आवाजहरुलाई समेटेर संविधानद्धारा सुनिश्चित गराउने**

## किन ?

विगतका दिनहरुमा नेपालको अर्थतन्त्रले बन्दको ठूलो मार खेप्दै आएको छ । मागहरु सबै जाएज होलान्, तर के बन्द र हिंस्रक गतिबिधिबाट मात्र आफ्नो अधिकार सुनिश्चित गर्न सकिन्छ ? के विरोधका अन्य उपाय छैनन् ? के आफ्नो अधिकार सुनिश्चित गर्न अर्काको अधिकार छिन्नै पर्छ ? कस्तो संस्कार दिंदै छौं हामीले भावी सन्ततीलाई ?

अन्याय भयो भनेर न्याय माग्न जाँदा उमेर बित्छ । फलस्वरुप अराजक गतिबिधि बढ्दो छन् । घर बाहिर पाइला सार्दा अन्योलको स्थिती छ । अपहरणमा परिनेहोकि ? मारिनेहोकि ? कहिलेसम्म बाँच्ने यस्तो अवस्थामा ?

प्रतिकूल अवस्थाका बावजुद पनि गरि खान सक्यो भने, प्रश्न उठ्छ आफैले आर्जेको सम्पत्तिमाथि अथवा भ्रष्टाचारको आरोप खेप्नु पर्छ । चोर, डाँका लाग्ने त्रास आफनै ठाउँमा छ भने, सम्पत्ति जफत हुने डर पनि उत्तिकै ठूलो छ । **अरु कसैको केही नबिगारी पनि मैले गरि खान नपाउने त ?**

यिनै अभिव्यक्ति पोख्दै हामी नेपालीहरुको एक समूहले सरकार र सरोकारवालाहरु लाई बिउँताउने अर्को एक प्रयास हो यो अभियान । आखिरमा आम नेपाली अरुका हातका कठपुतली बन्दै कहिलेसम्म सबै सहेर बस्ने ? आम नेपालीको एक सरल चाहना **गरि खान पाइने नेपाल**को सपना साकार पार्न सारिएको एक पाइला हो यो अभियान । हामी सबै सुख र समृद्धिमा बाँच्न चाँहन्छौ : त्यसैले यो अभियान ।

## कसरी ?

हरेक नेपालीले गरि खान पाउनका लागि कमसेकम निम्नलिखित कुराहरुको सुनिश्चित्ता आवश्यक छ :

- नेपालमा विधीको शासन स्थापना गर्न हरेक पक्षबाट पहल हुनु पर्यो । चाहे क्रान्ति होस् वा सामान्य परिस्थिति, कहिले सम्म हामी नेपालीले डर र त्रासको वातावरणमा बाँच्नु पर्ने ? कुनै दल वा व्यक्तिसंग नजिकको सम्बन्ध छ भन्दैमा कानुन भन्दा माथि रहन पाउने, यो कहाँको न्याय हो ? यसैले अराजक गतिबिधि चाहे त्यो जबरजस्तीको बन्द होस् या राजनैतिक पहुँचका आधारमा प्रयोग गरिएको बल, नेपाली भएपछि कानुनले हरेक नेपालीलाई समान व्यवहार गर्न अत्यावश्यक छ । यसकालागि राजनैतिक शक्तिले आम जनसमुदाय समक्ष विधिको शासन प्रति प्रतिबद्धता जनाउनु पर्छ, अराजक गतिबिधिमा स ंलग्न हुने हरुको सार्वजनिक सुनवाइ गरि सजाय सुनाउनु पर्छ र स्वतन्त्र न्यायपालिकालाई सर्वोच्च मान्दै न्याय सम्पादन गर्नेहरु तत्पर हुनु पर्छ ।

- जबरजस्तीका बन्दहरुलाई आपराधिक गतिबिधि मानी त्यही अनुसारको सजाय दिने । बन्दको आवहान गर्नु हरेक नागरिकको अधिकार हो तर बन्दको समर्थन वा असमर्थन गर्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार पनि हो । सुरक्षा बल मुक दर्शक भई हेर्नु पर्ने बाध्यताको अन्त्य हुनु पर्छ किनभने उनीहरुमा पनि जोश जाँगर जगाउने जनता नै हुन् । विद्यार्थीलाई प्रयोग गरि राजनैतिक उद्देश्य परिपुर्ति गर्ने कस्तो व्यवहार हो हाम्रो ? **यस्तो कुरीतिले गर्दा के म र मेरा भावी सन्ततीले गरि खान नपाउने त ?** त्यसैले बन्द आतकं बन्द गर्न सुरक्षा व्यवस्था कडा गरी, हिसां प्रयोग गर्नेलाई सजाय दिन सरकार सजग रुपमा अघि बढ्नु पर्छ ।

- नेपाली भएर किन मैले कुनै कारोबार गर्नकालागि कानुन बमोजिम दस्ताबेज प्रस्तुत गर्दा पनि दुःख पाउँछु ? **सबै नेपालीले गरि खान पाउनु पर्छ** । यसका लागि अन्यावश्यक नियम तथा नितीगत बाधाहरु हटाउनु पर्छ । यदि कुनै नेपालीले आफ्नै देशमा केही गरेर जिविकोपार्जन गर्छु भन्ने आँट लिएको छ भने हामी कानुन र नीतिका नाममा उसलाई अल्झाएर किन बाँध्छौं ? यसैले नेपालीले नेपालमै गरि खानकालागि आर्थिक स्वतन्त्रता चाहिन्छ । आर्थिक स्वतन्त्रता भन्नाले पूरातन चलनमा आधारित अनावश्यक कानुन र नीतिमा परिमार्जन गरी आजको विश्वव्यापि सन्दर्भमा सुहाउँदो किसिमको विधिको शासनमा आधारित अर्थ नीति हो । यस्तो प्रणलीमा अर्थतन्त्रमा रहेको अत्याधिक सरकारी हस्तक्षेपलाई न्युनिकरण गर्दै निजी क्षेत्रलाई र विषेश गरी साना तथा मझयौला उद्योगको प्र बर्धनलाई मुख्य प्राथमिकता दिइन्छ । भ्रष्टाचार र भ्रमको भुमरीमा परेका हामी नेपालीले के गरि खान विदेशीनु बाहेक अरु केही विकल्प छैन त ?